संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

## प्रेस विज्ञप्ति – २०६७ वैशाख १६

---

### संयुक्त राष्ट्रसङ्घद्वारा आगामी विरोध कार्यक्रमहरका क्रममा संयम अपनाउन आह्वान

२०६७ वैशाख १६, काठमाडौं

एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)द्वारा घोषित विरोध कार्यक्रमहरूका सन्दर्भमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल) सबै पात्रहरू - एनेकपा (माओवादी), सरकार र सुरक्षाफौज - लाई तनावपूर्ण राजनीतिक वातावरणबीच हिंसा हुन नदिन उच्चतम स्तरको संयम अपनाउन आग्रह गर्दछ।

शान्तिपूर्ण रूपमा भेला हुन पाउने तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार नेपालको शान्ति प्रक्रियाका जगका रूपमा रहेका लोकतन्त्र, बहुलवाद तथा मानवअधिकारको सम्मानका सिद्धान्तहरूको केन्द्रमा छन्।

प्रदर्शनकारीहरू शारीरिक हानि हुने लाठी तथा अन्य हतियार प्रदर्शन गर्ने लगायतका कुनै पनि प्रकारको उत्तेजना, मुठभेड वा आक्रामक व्यवहारमा संलग्न नहोऊन् भन्ने कुरा सुनिश्चित गर्न एनेकपा (माओवादी)लाई आग्रह गरिन्छ। यस सन्दर्भमा बालबालिकाहरूलाई हानि पुग्ने गरी नराखिने कुरा सुनिश्चित गर्ने विशेष जिम्मेवारी एनेकपा (माओवादी)मा रहेको छ।

कानुनी शासन कायम गर्ने राज्य र उसका निकायहरूका कर्तव्य र जिम्मेवारीहरूलाई स्वीकार गर्दै उच्चायुक्तको कार्यालय मानवअधिकारको पालना गर्न तथा कानुनको पालना गराउने अन्तर्राष्ट्रिय मापदण्डहरूको सम्मान गर्न सुरक्षा तथा कानुनको पालना गराउने निकायहरूलाई आह्वान गर्दछ।

विस्तृत शान्ति सम्झौताको भावनाअनुरूप देशका राजनीतिक समस्याहरूलाई सम्बोधन गर्न सबै राजनीतिक दलहरूले महत्त्वपूर्ण कदम चाल्नुपर्ने र हिंसा तथा मानवअधिकार उल्लङ्घनको सम्भावनालाई टार्न हरसम्भव उपाय गर्नुपर्ने आवश्यकतामा उच्चायुक्तको कार्यालय जोड दिन्छ।

माओवादीका तर्फबाट शान्तिपूर्ण रूपमा विरोध कार्यक्रमहरू गरिने तथा राज्यका अधिकारीहरूबाट कानुनी शासनको पालना गराउँदा मानवअधिकारको सम्मान गरिने कुराको प्रतिबद्धता प्राप्त गर्न उच्चायुक्तको कार्यालयले नेताहरूसँग भेटघाट गरिरहेको छ र यस कार्यालयले काठमाडौं उपत्यका तथा अन्यत्र प्रदर्शनहरूको अनुगमन गर्नेछ।

> *"म शान्तिपूर्ण रूपमा भेला हुन पाउने तथा अभिव्यक्ति स्वतन्त्रताका मौलिक अधिकारहरूको पूर्णतया सम्मान तथा संरक्षण हुने कुरा सुनिश्चित गर्न नेपाल सरकारलाई आग्रह गर्दछु। त्यसरी नै, विरोध कार्यक्रमका आयोजकहरूले पनि प्रदर्शनकारीहरूले शान्तिपूर्ण व्यवहार गर्ने तथा सर्वसाधारणलगायत अन्यको अधिकारको सम्मान गर्ने कुरा सुनिश्चित गर्नैपर्छ", उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो।*